## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ६ मितिः २०८१/११/१९

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को
उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत ऐनहरु सर्वधारणका लागि
स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

**आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) को**
**वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१**

नगर सभामा पेश भएको मिति :२०८१/१०/१३

नगर सभामा पारित भएको मितिः२०८१/१०/१४

प्रमाणिकरण मितिः २०८१/१०/१५

आठविसकोट नगरपालिका रुकुम पश्चिम

# आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

**आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) को**
**वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१**

**आठविसकोट नगरपालिका**
**रुकुम (पश्चिम)**

आठविसकोट नगरपालिका रुकुम पश्चिम

# आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) को
# वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावना:** सार्बजनिक भवन तथा निजी आवास निर्माण कार्यको बढ्दो चापलाई दृष्टिगत गरी दीगो र वातावरण अनुकूल सार्वजनिक तथा निजी आवास निर्माण कार्यलाई प्रभावकारी रूपमा अगाडी बढाउनका लागि वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन कार्यलाई टेवा दिंदै स्थानीयस्तरमा वातावरणिय जोखिम न्यूनीकरण र  हरीत क्षेत्रको संरक्षण र प्रबर्द्धन गर्नका लागि वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका जारी गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी आठविसकोट नगरपालिकाले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "उत्थानशीलता" भन्नाले प्रकोपको सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा रहेको अन्तरनिहीत क्षमता, जसबाट प्रकोपका असरलाई समयमा नै प्रभावकारी ढँगले सामना गरी पूर्वअवस्थामा फर्कन सक्ने सामर्थ्यको स्थिति सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले **स्थानीय सरकार (सञ्चालन ऐन, २०७४)** सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले  आठविसकोट नगरपालिकाले स्थापना गरी सञ्चालन गरेको स्थानीय विपद् व्यवस्थापन कोष वा स्थानीय स्तरका उद्यमशीलता प्रबर्द्धनका लागि सञ्चालित कोष सम्झनुपर्छ।

(घ) "नेपाल सरकार" भन्नाले संघीय सरकार सम्झनुपर्छ।

(ङ) "निर्देशिका" भन्नाले वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१ सम्झनुपर्छ।

(च) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद सम्झनुपर्छ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

(छ) “स्थानीय प्राकृतिक स्रोत साधन” भन्नाले आठविसकोट पालिकामा उपलब्ध माटो, ढुँगा, गिट्टी, वालुवा, घाम, पानी, घाँस, बनस्पति, जडिबुटी, रूख, विरूवा, हावा लगायतका प्राकृतिक जीवनचकरका स्रोत सम्झनुपर्छ र यो शब्दले जमिनमुनीको खनिज पदार्थलाई समेत बुझाउँछ।

(ज) “वातावरणमैत्री” भन्नाले विद्यमान प्राकृतिक सम्पदा र यसको जीवनचक्रलाई कम हानी नोक्सानी गर्ने हेतुले गरिने दीगो वातावरणीय उत्पादन, अभ्यास र व्यवहारलाई सम्झनुपर्छ

(झ) “विषयगत निकाय” भन्नाले नेपाल सरकार र प्रदेश सरकारका स्थानीय उद्यम सम्बन्धी विषयको काम कारवाही हेर्नका लागि तोकिएका निकाय सम्झनुपर्छ।

(ञ) “व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति सम्झनुपर्छ र यो शब्दले कुनै काम व्यवसाय गर्नका लागि प्रचलित कानून बमोजिम स्थापीत कम्पनीलाई समेत सम्झनुपर्छ।

(ट) “समुदाय” भन्नाले वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्ने स्थलको ५०० मिटर दूरीको आसपासमा बसोवास गर्ने स्थानीय बासिन्दा सम्झनुपर्छ। यो शब्दले कुनै वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्नका लागि सामुदायिकस्तरमा एकआपसमा मिलेर कम्पनी स्थापना गरी वातावरणमैत्री स्तानीय उद्यम व्यवसाय सञ्चालन गरेको समुदायलाई समेत सम्झनुपर्छ।

(ठ) “स्थानीय उद्यम व्यवसाय” भन्नाले यस आठविसकोट नगरपालिकामा सञ्चालित सार्वजनिक भवन र निजी आवास निर्माणका लागि आवश्यक पर्ने वातावरणमैत्री निर्माण सामग्री उत्पादन गर्ने उद्यम व्यवसाय सम्झनुपर्छ।

३. **उद्यम व्यवसाय सञ्चालनका लागि क्षेत्र निर्धारण:** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको जमिनको चारकिल्ला खुलाई उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम क्षेत्र निर्धारण गर्दा मानव स्वास्थ्यका साथै स्थानीय पुरातात्वीक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक र सम्पदा क्षेत्रमा हानी नोक्सानी नहुने गरी उद्यम व्यवसाय सञ्चालनका लागि क्षेत्र निर्धारण गर्नेछ।

(३) नगरपालिकाले भू- उपयोग योजना तर्जुमा गरेको भए सोही योजना मुताविक र योजना तर्जुमा गर्न बाँकी रहेको भए भू-उपयोग योजना तर्जुमा सम्बन्धी संघीय ऐन, नियम, प्रदेश

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

सरकारले जारी गरेको कानूनी व्यवस्था र नगरपालिकाको वातावरण अध्ययन विश्लेषणसँग तादात्म्यता हुनेगरी स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि क्षेत्र निर्धारण गर्नेछ।

(४) नगरपालिकाले उपदफा (१), (२), (३) बमोजिम गरिएको क्षेत्र निर्धारण सम्बन्धी सूचना स्थानीय राजपत्र र अन्य उपयुक्त माध्यमबाट सर्बसाधारणको जानकारीको लागि प्रकाशन गर्नेछ।

(५) उपदफा (३) बमोजिम निर्धारण गरिएको क्षेत्रको अधिनमा रही आठविसकोट नगरपालिका भित्रका बासिन्दाले स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (५) बमोजिम आठविसकोट नगरपालिका भित्रका बासिन्दाले न्यूनतम ५१ प्रतिशत शेयर लगानी गरी बाँकि अंश अन्यक्षेत्रका बासिन्दाको संयुक्त लगानीमा स्थापित कम्पनीका माध्यमबाट आठविसकोट नगरपालिकामा स्थानीय उद्यम व्यवसाय सँचालन गर्न सकिनेछ।

४. **स्थानीय उद्यम व्यवसाय सञ्चालन अनुमतिः** (१) वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले उद्यमको लगानी, प्रकृति र मात्रा अनुसार नेपाल सरकार र प्रदेश सरकारका विषयगत निकायमा दर्ता गरेको भए यस नगरपालिकामा सूचीकृत गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निबेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन नगर कार्यपालिकाको कार्यलयबाट स्वीकृत भई अनुसूची- २ बमोजिम स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्नका लागि सूचीकृत भएको जनाउ पाएपछी निबेदकले आफ्नो उद्यम व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(३) वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले उद्यमको किसिम, मात्रा, प्रकृति समेतको व्यहोरा खुलाई अनुसूची-३ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निबेदन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्नका लागि निबेदन दिन चाहने व्यक्तिको योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ।

(क) नेपाली नागरिक,

(ख) बैंक वा कुनै वित्तीय संस्था वा सहकारीको ऋण तिर्न नसकी कालोसूचीमा नपरेको,

(ग) सरकारी रकम कलम बुझाउन बाँकी नरहेको,

(घ) मगज नबिग्रेको; स्वस्थ, र

(ङ) असल चालचलन भएको।

(५) उपदफा (३) बमोजिम उद्यम व्यवसाय सञ्चालन गर्न चाहिने योग्यता मध्ये प्राकृतिक व्यक्तिको हकमा सबै र कम्पनीको हकमा खण्ड (ख), (ग) र (ङ) आकर्षित हुनेछ।

(६) नगर कार्यपालिकाको कार्यालयले उपदफा (२), (३) र (४) बमोजिम पेश भएको निबेदनको व्यहोरा र उद्यम व्यवसाय सञ्चालनका लागि नगरपालिकाले तोकेका आधार पुरा गरेको व्यक्तिलाई वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्नका लागी अनुसूची-४ बमोजिमको अनुमतिपत्र दिनेछ।

५. **स्थानीय उद्यम व्यवसायको नबीकरणः** (१) नगरपालिकामा दर्ता वा सूचीकृत भई निरन्तर सञ्चालनमा रहेका स्थानीय उद्यम व्यवसायीले आफ्नो व्यवसायिक निरन्तरता कायम राख्न चाहेमा हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र उक्त व्यवसायिक निरन्तरताको लागि नगर कार्यपालिकाको कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा निबेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाको कार्यालयमा पेश हुनआएको निबेदनमा सम्बन्धित शाखाबाट बुझ्नुपर्ने केहि कुरा बाँकी भए सो समेत बुझी नगर कार्यपालिकाले तोकेको शुल्क लिई नगर कार्यपालिकाको कार्यालयले उक्त स्थानीय उद्यम व्यवसाय नबीकरण गर्न सक्नेछ।

६. **स्थानीय उद्यमका लागि चाहिने सामग्रीको सँकलन, भण्डारण र उपयोगः** (१) वातावरणमैत्री स्थानीय उद्यमका लागि चाहिने निर्माण सामग्री संभव भएसम्म स्थानीय प्राकृतिक स्रोत साधनबाट उपलब्ध हुने गरी सँकलन गरिनेछ।

(२) उपदफा (१) बमोजिम उद्यम व्यवसायका लागि सामग्रीको सँकलन गर्दा स्थानीय प्राकृतिक र वातावरणीय दीगोपनालाई प्राथमिकतामा राखेर सँकलन गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम उद्यम र व्यवसायका लागि सामग्रीको सँकलन गर्दा गराउँदा नगरपालिकाले परिमाणात्मक सिमा र समय तोक्न सक्नेछ।

(४) स्थानीय उद्यम सञ्चालनका लागि उद्यम व्यवसाय सञ्चालन गरेको स्थानमा कच्चा वा उत्पादित सामग्रीको भण्डारण गर्दा स्थानीय प्राकृतिक र वातावरणीय सन्तुलनलाई ध्यान दिनु पर्नेछ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

(५) स्थानीय उद्यम सञ्चालनका सागि सँकलित सामग्रीको उपयोग गर्दा गराउँदा यसबाट सिर्जित हुनसक्ने मानव स्वास्थ्य लगायत अन्य संभावित जोखिम पक्षको न्यूनीकरण गर्नु पर्नेछ।

(६) नगरपालिकाले उपदफा (४) र (५) बमोजिमको काम कारवाहीका लागि समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ। उक्त निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित उद्यम व्यवसायीको कर्तव्य हुनेछ।

७. **मेशिन, औजार र उपकरणः** (१) स्थानीय उद्यम व्यवसायका लागि कुनै मेशिन, औजार र उपकरणको स्थापना, उपयोग र सञ्चालन गर्दा नगिचको मानवबस्ती, मठ मन्दिर, स्थानीय प्राकृतिक स्रोत वा मुलबाट उत्पन्न भई बग्ने पानीको बहाव, विद्यालय, स्वास्थ्यसेवा प्रदायक निकाय र आवागमनको मूल सडक वा लोकमार्गबाट १०० मिटरको दूरीमा स्थापना गर्नु पर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम मेशिन, औजार र उपकरण स्थापना गर्नका लागि चाहिने जमिनको आकार प्रकारका बारेमा उद्यमको प्रकृति र स्थान विशेष फरक हुनेगरी मात्रा र मापदण्ड तोक्न सक्नेछ। तर, साविक देखि चली आएका स्थानीय उद्यम व्यवसायीको हकमा उनिहरूलाई मर्का पर्नेगरी जमिनको मात्रा र मापदण्ड परिवर्तन गरिने छैन। जमिनको मात्रा र मापदण्ड तोकेको कुरा जनमानसको जानकारीको लागि नगरपालिकाले स्थानीय राजपत्र र अन्य उपयुक्त सञ्चार माध्यमबाट प्रकाशन गर्नेछ।

८. **उद्यम व्यवसायको सञ्चालनः** (१) स्थानीय उद्यम र व्यवसाय सञ्चालन गर्दा चुस्त र प्रभावकारी रूपमा उत्पादन कार्य सञ्चालन हुनेगरी उद्यम व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) उत्पादित निर्माण सामग्रीको व्यवसाय गर्दा उद्यमस्थल र व्यापारिक कारोवार गर्ने स्थलको स्पष्ट रेखाङ्कन गरी निर्माण सामग्री खरीद गर्न आउने ग्राहकलाई उद्यमको कारण कुनै असुबिधा नहुने गरी बिक्रीकक्षको व्यवस्था गर्नु पर्नेछ।

(३) स्थानीय उद्यमको बिमा गर्नुपर्नेछ।

(४) स्थानीय उद्यम व्यवसायको काममा खटिने जनशक्तिको परिचालन गर्दा गराउँदा तिनको कार्यस्थल सुरक्षणको मामिलामा यथेष्ट ध्यान दिनु पर्नेछ।

९. **वातावरणमैत्री निर्माणका लागि उत्पादित सामग्रीको प्रकृतिः** (१) वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन तथा ति उद्यम व्यवसायबाट उत्पादित सामग्रीका लागि नगरपालिकामा

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

हाल सञ्चालनमा रहेका र भावी दिनमा यसै निर्देशिका बमोजिम सञ्चालनमा आउने सीएसईबी ईण्टलकिङ्ग ईटा, कम्प्रेस्ड ईटा, स्टोनमेसन लगायतका सामग्रिको प्रकृति राष्ट्रिय भवन संहिता २०३ मा उल्लेखित प्रावधानसँग तादात्म्यता हुनेगरी उत्पादन, गुणस्तर कायम तथा बिक्रिबितरण गरिनेछ।

(२) वातावरणमैत्री स्थानीय उद्यमका लागि उपदफा (१) मा उल्लेखित निर्माण सामग्रीका अतिरिक्त स्थानीय प्राकृतिक स्रोत, साधन र सीपको प्रयोग गरी उत्पादन गरीने तयार गरिने वातावरण अनुकूलीत अन्य सामग्रीका हकमा नगरपालिकाले समय समयमा तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) मा उल्लेखित प्रकृतिका सामग्रीको उत्पादन तथा बिक्रि बितरणका लागि नगरपालिकाले प्रश्रय दिनेछ।

१०. **<u>उत्पादित सामग्रीको गुणस्तरः</u>** (१) दफा ९ मा उल्लेखित वातावरणमैत्री निर्माण सामग्रीको मापदण्ड र गुणस्तर कायम राख्ने विषयमा नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड र प्रक्रियालाई अवलम्बन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रावधानमा तात्वीक भिन्नता नआउने गरी नगरपालिकाले स्थानीय साधन, स्रोत र सीपको अधिकतम उपयोग गर्ने र वातावरण सन्तुलन कायम राख्ने हेतुले स्थानीय आवश्यकता अनुसारको प्रक्रिया निरर्धारणका लागि समय समयमा आदेश वा निर्देशन जारी गर्न सक्नेछ।

(३) नगरपालिकामा उत्पादित निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने र उक्त परीक्षणबाट प्राप्त नतिजा अनुसार निरन्तर रूपमा सामग्रीको गुणस्तर कायम गर्ने गराउने मामिलामा नगरपालिकाले स्थानीय निर्माण उद्यम व्यवसायीको क्षमता विकासका काम गर्ने गराउनेछ।

(४) नगगरपालिकामा सञ्चालित स्थानीय उद्यम व्यवसायीले निरन्तर रूपमा गुणस्तरयुक्त निर्माण सामग्रीको उत्पादन तथा बिक्रि बितरण गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम उत्पादन र बिक्रिवितरण गरिने सामग्रीको गूणस्तरको हकमा प्रचलित कानून बमोजिम नेपाल सरकार वा कर्णाली प्रदेश सरकारले तोकेको भए सोही बमोजिम हुनेछ। नगरपालिकाले उत्पादन तथा बिक्रि वितरण गरिने निर्माण सामग्रिको गुणस्तर सम्बन्धी मापदण्ड तोक्न सक्नेछ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

११. **अभिलेख व्यवस्थापनः** (१) हरितमैत्री स्थानीय उद्यमबाट उत्पादित सामग्रीको प्रकृति र मात्राको स्पष्ट अभिलेख उद्यम व्यवसाय सञ्चालन गर्ने उद्यमीले अनुसूची-६ को ढाँचामा अध्यावधिक गरीराख्नु पर्नेछ।

(२) उद्यम सञ्चालन स्थलको बाहिर वा यसको बिक्रिकक्षमा उत्पादित सामग्रीको प्रकृति अनुसारको हालको मौज्दात विवरण र तिनको चालु मुल्य उल्लेख गरी आफ्नो सूचना पाटीमा दैनिक अध्यवधिक गर्नु पर्नेछ।

१२. **फोहरमैला व्यवस्थापनः** (१) स्थानीय उद्यम व्यवसाय सञ्चालकले आफ्नो उद्यम व्यवसाय सञ्चालन गर्दा उक्त स्थलबाट उत्सर्जित फोहरमैला नगरपालिकाले तोकेको मापदण्ड बमोजिम फोहरमैलाको प्रकृति अनुरूप विसर्जन गर्नुपर्ने प्रकृतिको फोहरमैलाको समयमै विसर्जन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विसर्जित नहुने वा गर्न नमिल्ने प्रकृतिको फोहरमैलालाई छुट्टै भण्डार गरी त्यसको प्रकृति अनुसार पुनःप्रयोग वा फोहरमैला व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम उपयुक्त माध्यमबाट व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम फोहरमैलाको व्यवस्थापन गर्न वा उद्यम व्यवसायबाट उत्सर्जित फोहरमैलाको व्यवस्थापन सम्बन्धमा नगरपालिकाले आवश्यकता अनुसार स्थानीय उद्यम व्यवसायीलाई समय समयमा निर्देशन दिन सक्नेछ।

१३. **कामनलाग्ने पत्रु सामग्रीको विसर्जनः** (१) स्थानीय उद्यम व्यवसायीले आफ्नो उद्यम व्यवसायको सञ्चालन गर्दा उद्यमको प्रकृति र व्यवसायको मात्रा अनुसार प्रयोग गरी वा प्रयोग नगर्दै टूटफुट भएर अवशेष भएर रहेका मेशिन, औजार, उपकरण र उत्पादित निर्माण सामग्री लगायतका काम नलाग्ने पत्रु सामग्रीको समयमै विसर्जन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विसर्जित नहुने वा गर्न नमिल्ने प्रकृतिका मेशिन, औजार, उपकरण र उत्पादित निर्माण सामग्रिको प्रकृति अनुसार पुनःप्रयोग वा काम नलाग्ने पत्रु सामग्रिको विसर्जन सम्बन्धमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम उपयुक्त माध्यमबाट व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विसर्जन वा तत्काल व्यवस्थापन हुन नसक्ने प्रकृतिका काम नलाग्ने पत्रु सामग्रीको छुट्टै सुरक्षित भण्डारण गरी नगरपालिकाले तोकेको समयभित्र

वातावरण सन्तुलन र जलवायु अनुकूलनको स्थितिमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

१४. **<u>स्थानीय समुदायप्रति उद्यमी र व्यवसायीको दायित्वः</u>** (१) स्थानीय उद्यम व्यवसायीले आफ्नो उद्यम व्यवसायको सञ्चालन गर्दा सञ्चालन स्थलको ५०० मिटरसम्मको दूरीमा बसोवास गर्ने स्थानीय समुदायलाई प्राथमिकताका साथ उक्त उद्यम व्यवसायमा रोजगारीको अवसर दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय समुदायलाई रोजगारीको अवसर उपलब्ध गराउँदा नगरपालिकाले तयार गरेको बेरोगार घरपरिवारको सूची अनुरूप वा एक घरबाट एक रोजगारको अवधारणा अनुरूप रोगारीको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(३) स्थानीय उद्यमबाट उत्पादित सामग्री बिक्रि वितरण गर्दा उक्त उद्यम व्यवसाय सञ्चालन स्थलको १ किलोमिटरसम्मको दूरीमा बसोवास गर्ने बासिन्दाको निजी आवास निर्माण गर्दा सहुलियत दररेटमा निर्माण सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको प्रावधानलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्नका लागि नगरपालिकाले स्थानीय उद्यम व्यवसायी सँग कार्यक्रमिक साझेदारी गरेर स्थानीय समुदायलाई अवसर र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

१५. **<u>वातावरणमैत्री निर्माण सामग्रीको आपुर्तिः</u>** (१) स्थानीय उद्यम व्यवसायीले भूकम्प प्रभावितहरूको निजी आवास पुननिर्माण कार्यलाई प्राथमिकतामा राखी आफ्नो उद्यमबाट उत्पादित वातावरणमैत्री स्थानीय निर्माण सामग्रीको आपुर्ति तथा बेचबिखन गर्नु पर्नेछ ।

(२) स्थानीय उद्यम व्यवसायीले आफ्नो उद्यमबाट उत्पादित वातावरणमैत्री स्थानीय निर्माण सामग्रीको आपुर्ति गर्दा नगरपालिकाका निजी आवास निर्माण कार्यलाई प्राथमिकतामा राखी आपुर्ति तथा बेचबिखन गर्नु पर्नेछ ।

(३) स्थानीय उद्यम व्यवसायीले उपदफा (१) र (२) बमोजिमको मागलाई प्राथमिकतामा राखी आपुर्ति गरेर उप्रेको\बचेको निर्माण सामग्री रुकुम (पश्चिम) जिल्लामा आपुर्ति तथा बेचबिखन गर्न सक्नेछ ।

(४) नगरपालिकाले निर्माण सामग्रीको आपुर्ति व्यवस्थापन सम्बन्धमा उपभोक्ताको माग र व्यवसायीको हितका लागि आवश्यक सहजीकरण गर्न सक्नेछ ।

१६. **भूकम्प प्रभावितको पुनस्थापनाका लागि विशेष व्यवस्थाः** (१) मिति २०८० कार्तिक १७ गते जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दू भइ गएको भूकम्पबाट प्रभाबित भई निजी आवास पुननिर्माण गर्नुपर्ने घरधूरीहरूको लागि वातावरणमैत्री स्थानीय उद्यमबाट उत्पादित निर्माण सामग्रीको प्रयोग गरी उत्थानशील निर्माण कार्यलाई प्रश्रय दिनका लागि नगरपालिकाले विशेष अभियान चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणमैत्री निजी आवास निर्माणका लागि चाहिने सामग्री जस्तै ईण्टलकिङ्ग ईटा, कम्प्रेस्ड ईटा, स्टोनमेसन लगायतका सामग्रीको उत्पादन, बिक्रि बितरण र उपयोग कार्यमा सहजीकरण गर्नका लागि नगरपालिकाले विकास साझेदार, संघ संस्था, निकाय लगायतको सहयोग परिचालन गर्न सक्नेछ।

१७. **मूल्य समायोजनः** (१) वातावरणमैत्री स्थानीय निर्माण सामग्रीको आपुर्ति, माग र बजारमूल्यको स्थितिका आधारमा नगरपालिकाले उक्त सामग्रीको उद्यमशीलता र उपयोगलाई प्रश्रय दिने विकास साझेदार तथा संघ संस्थाको सहयोग परिचालन गरी प्रचलित बजार भाउमा उद्यमी, व्यवसायी र उपभोक्ता हितको पक्षलाई मध्येनजर गरी मूल्य समायोजनको काम गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्य समायोजन गर्दा नगरपालिकाले अनुदान, छुट वा अन्य तवरले स्वयं वा विकास साझेदार संघ संस्था र निकायको सहयोग लिएर यथोचित मूल्य कायम गर्न गराउन सक्नेछ।

१८. **लैङ्गिक संवेदनशिलताको परिपालनाः** स्थानीय उद्यम व्यवसायीले आफ्नो उद्यम व्यवसाय सञ्चालन गर्दा गराउँदा, उत्पादन वा निर्माण सामग्रीको बिक्रि वितरण तथा ढुवानी कार्य गर्दा गराउँदा संभावित लैंगिक हिंसा र बिभेदका जोखिमलाई सुन्य सहनशीलताका साथ न्यूनीकरण गर्नु पर्नेछ।

१९. **शिक्षा र सचेतना बढाउनेः** (१) नगरपालिकाले वातावरणमैत्री निर्माण सामग्रीको उत्पादन, वितरण र उपयोगको बारेमा सर्बसाधारण जनमानसमा शिक्षा दिने र सचेतना बढाउने कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न गराउनका लागि नगरपालिकाले विकास साझेदारसँग आवश्यक सहयोग परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सहयोग परिचालन गर्दा नेपाल सरकारले जारी गरेको बैदेशिक सहायता सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको परिपालना गरिनेछ।

(४) नगरपालिकाले निजी आवास निर्माण गर्न तथा २०८० साल कार्तिक १७ गतेको भूकम्प प्रभावितहरूको पुनस्थापना गरी तिनको उत्थानशीलता अभिबृद्धि गर्नका लागि वातावरणमैत्री निर्माण सामग्रिको प्रयोग गर्ने गराउने कार्यको अभियानमा वडा कार्यसमिति मार्फत हरेक गाउँ, टोल, बजारमा सचेतनामूलक कार्यसञ्चालन गर्न सकिनेछ।

२०. **<u>वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीलाई प्रोत्साहनः</u>** (१) वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीलाई नगरपालिकाले लिने कर, शुल्क र दश्तुरमा छुट वा सहुलियत दिन सक्नेछ।

(२) नगरपालिकाले वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीको सूचीकृत गर्दा वा दर्ता वा नबीकरण गर्दा छोटो र सरल प्रक्रियाबाट प्रशासनिक कार्य गर्न गराउनका लागि सहजीकरण गर्न सक्नेछ।

(३) नगरपालिकाले वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीलाई उसले दिएको योगदानको आधारमा अनुदान सहुलियत दिन सक्नेछ।

(४) नगरपालिकाले वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीलाई सहुलियत दरमा ऋण सुबिधा उपलब्ध गराउनका लागि स्थानीय स्तरमा उपलब्ध बैंक तथा वित्तीय संस्थाहरूलाई अनुरोध गर्न सक्नेछ।

(५) वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीले कार्बन उत्सर्जन घटाउने कार्यमा खेलेको भूमिकाको लागि नगरपालिकाले यतोचित कदर तथा प्रोत्साहन गर्न सक्नेछ।

(६) वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीको उद्यमशीलता सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न र ति उद्यमी व्यवसायीलाई आवश्यक पर्ने मेशिन, औजार र उपकरणहरू सहुलियतमा उपलब्ध गराउनका लागि नगरपालिकाले विकास साझेदारसँग समन्वय र सहजीकरण गर्न सक्नेछ।

२१. **<u>वातावरणमैत्री निर्माण सामग्रीको प्रयोगकर्तालाई प्रोत्साहनः</u>** (१) निजी आवास निर्माणका लागि नगरपालिकामा कसैले वातावरणमैत्री निर्माण सामग्री प्रयोग गरी उत्थानशीलता अभिबृद्धि गर्ने कार्यमा योगदान गरेमा त्यसको प्रोत्साहन स्वरूप व्यवसायमा लाग्ने कर, शुल्क र दश्तुरमा छुट सहुलियतका साथै केही अनुदान रकम समेत उपलब्ध गराउन सकिनेछ।

(२) वातावरणमैत्री निर्माण सामग्री प्रयोग गरी निजी आवास बनाउने घरधनी मध्येबाट वातावरणमैत्री निर्माण तथा विकास कार्यलाई प्रश्रय दिनका लागि सामाजिक अगुवाको रूपमा समाजमा वातावरणमैत्री निर्माण कार्यको बारेमा सचेतना प्रवाह गर्न सामाजिक अगुवाको परिचालन गर्ने र पुरस्कृत गर्ने लगायतका  कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२२. **सहकार्य र सहयोग परिचालनः** (१) वातावरणमैत्री निजी आवासको निर्माणलाई प्रश्रय दिनका लागि यस नगरपालिकामा सञ्चालित स्थानीय उद्यम व्यवसायीसँगनगरपालिकाले सहकार्य गर्न सक्नेछ ।

(२) वातावरणमैत्री निजी आवास निर्माणको कार्यलाई एक अभियानका रूपमा अगाडी बढाउन नेपाल सरकार र प्रदेश सरकारबाट प्रप्त हुने सहयोग प्रथमिकताका साथ परिचालन गरिनेछ ।

(३) नगरपालिकामा वातावरणमैत्री  निजी आवास निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउनका लागि यसक्षेत्रमा क्रियाशिल विकास साझेदार, संघ संस्था, निकाय समेतको सहयोग परिचालन गर्न सकिनेछ ।

२३. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय उद्यम व्यवसायको काम कारवाहीको अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति हुनेछ ।

(क) अध्यक्ष\प्रमुख वा निजले तोकेको नगर कार्यपालिकाका सदस्य – संयोजक
(ख) स्थानीय उद्यम व्यवसाय सञ्चालनमा रहेको वडाको वडाध्यक्ष – सदस्य
(ग) जिल्ला स्थित विषयगत निकायका प्रतिनिधि - सदस्य
(घ) नगरपालिका स्थित नेपाल प्रहरीको प्रतिनिधि – सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा विषय विज्ञलाई आमन्त्रण गरी अनुगमन कार्यमा समावेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिले स्थानीय उद्यम व्यवसायीलाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा नगरपालिकामा देहाय बमोजिम कारवाहीको लागि लेखि पठाउन सक्नेछ ।

(क) स्थानीय उद्यम व्यवसायीले सञ्चालन गरेको उद्यम व्यवसाय नगरपालिकाले तोकेको क्षेत्र, मात्रा, प्रकृति अनुरूपको शर्तको पालना;

(ख) स्थानीय उद्यम व्यवसाय सञ्चालनको स्वीकृत विधि, प्रक्रिया, परिणाम सम्बन्धी व्यवस्थाको पालना;

(ग) उत्पादित सामग्रीको अभिलेख व्यवस्थापन र बिक्रि बितरणका लागि तोकिएको शर्त र मापदण्डको पालना;

(घ) बजार मूल्य र आपुर्ति व्यवस्थापन सम्बन्धमा तोकिएका शर्त र मापदण्डको पालना;

(ङ) कर, राजस्व, शुल्क र दश्तुर सम्बन्धमा;

(च) नगरपालिकाले समय समयमा दिएका निर्देशन र तोकेका अन्य विषयहरु;

(छ) प्रचलित कानूनमा तोकिएका विषयहरू; र

(ज) अनुगमन समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) अनुगमन समितिले अनुगमनका क्रममा देखेका विषहरूमा सुधारका लागि दिएको निर्देशन सम्बन्धित स्थानीय उद्यम व्यवसायीले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने स्थानीय उद्यम व्यवसायीलाई समितिले आफ्नो निर्देशन पालना नगरेसम्म स्थानीय उद्यम व्यवसायको काममा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम रोक लगाइएकोमा सम्बन्धित स्थानीय उद्यम व्यवसायीले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको स्थितिमा रोक्का फुकुवा गर्न सकिनेछ ।

२४. **निर्देशनको पालनाः** (१) वातावरणमैत्री स्थानीय निर्माण उद्यम व्यवसायीले नगरपालिकाले उद्यम व्यवसायसँग सम्बन्धित विषयमा समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

(२) वातावरणमैत्री निजी आवास निर्माणका लागि विशेष वा सहुलियतपुर्ण तवरले निजी आवास बनाउने घरधनीले नगरपालिकाले वातावरणमैत्री निजी आवास निर्माण सम्बन्धमा समय समयमा जारी गरेको निर्देशनको पालना गर्नुपर्नेछ ।

(३) भूकम्प प्रभावितको निजी आवास पुनर्निर्माणका लागि सहयोग गर्न खटेका विकास साझेदार, संघ संस्था र निकायसँगको सहकार्यका लागि नगरपालिकाले वातावरणमैत्री निजी आवास निर्माण सम्बन्धमा समय समयमा जारी गरेको निर्देशनको पालना गर्नुपर्नेछ।

२५. **प्रतिवेदनः** (१) स्थानीय निर्माण उद्यम व्यवसायीले आफुले उत्पादन तथा बिक्रि वितरण गरेका निर्माण सामग्री लगायत उद्यम सञ्चालनको स्थितिका बारेमा अनुसूची-७ मा उलेखित ढाँचाको मासिक प्रतिवेदन हरेक महिना पुरा भएको ७ दिनभित्र नगर कार्यपालिकाको कार्यलयमा पेश गर्नुपर्नेछ। कुनै काबु बाहिरको परिस्थिति परी समयमा प्रतिबेदन पेश गर्न नसकेको मानसिब कारण सहित थप १५ दिनभित्र प्रतिबेदन पेश गरेमा वर्षमा २ पटक सम्मको लागि नगर कार्यपालिकाले उक्त प्रतिबेदन लिन सक्नेछ।

(२) विषयगत निकायमा दर्ता भई नगरपालिकामा सूचीकृत भएर सञ्चालन गरेका स्थानीय उद्यम व्यवसायीले प्रचलित कानून बमोजिम विषयगत निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२६. **स्थानीय उद्यम व्यवसाय बन्द गर्नुपर्नेः** (१) कुनै स्थानीय उद्यम व्यवसायीले देहायका कार्य गरेमा निजको उद्यम व्यवसाय बन्द किन नगर्ने भनि नगरपालिका कार्यालयले सम्बन्धित निर्माण उद्यम व्यवसायीलाई स्पटष्टीकरण सोध्न सक्नेछ।

(क) स्थानीय निर्माण उद्यम सञ्चालनका लागि तोकिएको क्षेत्रभन्दा बाहिर उद्यम सञ्चालन गरेमा;

(ख) उद्यम व्यवसायका लागि नगरपालिकाले तोकेको मापदण्ड ३ पटकसम्म उल्लङ्घन गरेमा;

(ग) उद्यम व्यवसायबाट सिर्जित फोहरमैलाको समुचित व्यवस्थापन नगरेमा;

(घ) पत्रु तथा काम नलाग्ने सामग्रीको विसर्जन वा व्यवस्थापन नगरेमा;

(ङ) नगरपालिकाले दिएको निर्देशन ३ पटकसम्म उल्लङ्गन गरेमा;

(च) निर्देशिकाको दफा २६ को उपदफा (१) बमोजिम तोकिएको समयमा प्रतिवेदन पेश नगरेमा;

(छ) उद्यम व्यवसायको नबीकरण नगरी सञ्चालन गरेमा; र

(ज) अनुगमन समितिको निर्देशन अटेर गरेमा।

(२) उपदफा (१) बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नदेखिएमा नगरपालिकाकाले निजको उद्यम व्यवसाय बन्द गर्न मनासिब छ भनि नगरपालिकाका अध्यक्ष\प्रमुख समक्ष राय सुझाव पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको राय सुझाब उपर थप केहि कुरा बुझ्नुपर्ने देखिएमा सो समेत बुझी नगरपालिकाका अध्यक्ष\प्रमुखले आवश्यकता अनुसार उक्त निर्माण उद्यम व्यवसायलाई सुधारको लागि समय सिमा र शर्तहरू तोकी सुधार्ने मौका दिएर सञ्चालन गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुधारको मौका पाएको समयसिमामा पनि सुधार भएको नदेखिएमा नगरपालिकाका अध्यक्ष\प्रमुखले उक्त उद्यम व्यवसाय बन्द गर्नका लागि आदेश वा निर्णय दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै उद्यम व्यवसाय बन्द गर्नका लागि आदेश दिईएकोमा उक्त उद्यम व्यवसायमा प्रयोग गरिएका कुनै मेशिन, औजार, उपकरण लगायतका कुनै सामग्री निज उद्यमीले अनुदान सहयोगमा प्राप्त गरी उद्यम सञ्चालन गरेको रहेछ भने ती मेशिन, औजार, उपकरण लगायतका सामग्री नगरपालिकामा हस्तान्तरण गर्न लगाउन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम स्थानीय उद्यम व्यवसाय बन्दगर्ने जनाउ पाएपछि सोही बमोजिम सम्बन्धित उद्यमी व्यवसायीले आफ्नो उद्यम व्यवसाय बन्द गर्नु पर्नेछ । साथै; उपदफा (५) बमोजिम उद्यम व्यवसायीका मेशिन, औजार, उपकरण लगायतका सामग्री नगरपालिकामा हस्तान्तरण गर्न जनाउ पाएपछि सोही बमोजिम हस्तान्तरण गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त हुनआएको मेशिन, औजार, उपकरण लगायतका सामग्री नगरपालिकाले सम्बन्धित प्रकृतिका कुनै नयाँ उद्यमी व्यवसायीलाई उपलब्ध गराउन वा अन्य कुनै प्रयोजनका लागि आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

२७. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: (१) वातावरणमैत्री निजी आवास निर्माण तथा स्थानीय उद्यम व्यवसाय सञ्चालन गर्ने उद्यमी व्यवसायीले उद्यम व्यवसाय सञ्चालन सम्बन्धमा यस निर्देशिकामा भएको प्रावधानको हकमा यसै निर्देशिका बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२८. **<u>संशोधन</u>**: निर्देशिकाको कुनै प्रावधानमा संशोधन गर्न आवश्यक ठानेमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२९.	**<u>बाधा अड्काउ फुकाउः</u>** (१) निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउको विषयमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकाउनका लागि निर्णय गरिएको कुरा यसै निर्देशिकाको अभिन्न अँग भई कार्यान्वयन गर्ने गराइनेछ।

अनुसूची-१

**वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि सूचीकृत हुन दिनुपर्ने निबेदनको ढाँचा**

(दपा ४ को उपदफा (१) बमोजिम)

मितिः......................

श्री......... कार्यपालिकाको कार्यालय,
...................।

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि सूचीकृत गरिपाउँ।

महोदय,

उपर्युक्त विषयमा ........ जिल्ला ........ पालिका वडा नं. .... स्थित ......... गाउँ\टोल\बजार मा ............................... उद्यम व्यवसाय सञ्चालनका लागि .............................. कार्यालयमा दर्तागरी आएकोछु\...................उद्यम सञ्चालन गर्दै आएकोछु। उक्त उद्यम व्यवसाय सञ्चालन गर्नका लागि

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

यस नगरपालिकामा सूचीकृत गरिपाउँ भनि उद्यम व्यवसायसँग सम्बन्धित सम्बद्ध कागजातहरूको प्रतिलिपी यसैसाथ संलग्न राखी यो निबेदन पेश गरेको छु ।

**संलग्न कागजातहरू:**

१- ............... कार्यालयमा उद्यम दर्ता गरेको प्रमाण-पत्र

२- ............... उद्यम व्यवसायको स्थायी लेखा नम्बर

३- .............. उद्यम व्यवसायको मुल्य अभिबृद्धिकर दर्तानम्बर

४- ................ उद्यम व्यवसाय सञ्चालकको नागरिकता प्रमाण-पत्र

५- ................ उद्यम व्यवसाय सञ्चालनका लागि कम्पनी दर्ता प्रमाण-पत्र (यदि कम्पनी भएमा)

६- .............. उद्यम व्यवसाय सञ्चालन गर्ने जमीनको स्वामित्व वा करारनामा (यदि भाडामा भए)

माथि लेखिएको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

(दस्तखत)

नामः............................

ठेगानाः.........................

पद र कार्यालयको छाप (यदि कम्पनी भए)...........

अनुसूची-२

**वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि सूचीकृत पत्रको ढाँचा**

(दपा ४ को उपदफा (२) बमोजिम)

## आठविसकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम) ।

मितिः ......................

श्री .............................

.....................।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसायका लागि सूचीकृत भएको जानकारी।

महासय,

उपर्युक्त विषयमा तपाईले\तपाईको कम्पनीले मिति ........................ मा यस ............ कार्यपालिकाको कार्यालयमा पेश गरेको वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि सूचीकृत गरिपाउँ भन्ने विषयको निबेदन र सो साथ संलग्न कागजात अनुसार उक्त ................ उद्यम व्यवसाय सञ्चालन गर्नका लागि सूचीकृत गरिएको व्यहोरा जानकारी गराइन्छ।

तपाईले\तपाईको कम्पनीले सञ्चालन गर्ने ...................... उद्यम व्यवसाय वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१ र प्रचलित कानूनको प्रावधान बमोजिम सञ्चालन गर्नुहुन अनुरोध छ।

(....................................)

अनुसूची-३

**<u>वातावरणमैत्री स्थानीय व्यवसाय सञ्चालन गर्ने अनुमतिका लागि दिनुपर्ने निबेदनको ढाँचा</u>**

(दपा ४ को उपदफा (३) बमोजिम)

मितिः......................

श्री......... कार्यपालिकाको कार्यालय,

..................।

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन अनुमति पाउँ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

महोदय,

उपर्युक्त विषयमा ........ जिल्ला ........ पालिका वडा नं. .... स्थित ......... गाउँ\टोल\बजार मा ............................... उद्यम व्यवसाय सञ्चालन गर्नका लागि अनुमति पाउँ भनि उक्त उद्यम व्यवसायसँग सम्बन्धित सम्बद्ध कागजातहरूको प्रतिलिपी यसैसाथ संलग्न राखी पेश गरेको छु ।

**संलग्न कागजातहरू:**

१- ............... उद्यम व्यवसाय सञ्चालकको नागरिकता प्रमाण-पत्र

२- ................ उद्यम व्यवसाय सञ्चालनका लागि कम्पनी दर्ता प्रमाण-पत्र (यदि कम्पनी भएमा)

३- ................ उद्यम व्यवसाय सञ्चालकको सेयर हिस्सा विवरण (साझेदारी वा कम्पनी भएमा)

४- ............... उद्यम व्यवसायको स्थायी लेखा नम्बर

५- .............. उद्यम व्यवसायको मुल्य अभिबृद्धिकर दर्ता नम्बर

६- .............. उद्यम व्यवसाय सञ्चालन गर्ने जमीनको स्वामित्व वा करारनामा (यदि भाडामा भए)

माथि लेखिएको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहँला, बुझाउँला ।

(दस्तखत)

नामः.............................

ठेगानाः.........................

पद र कार्यालयको छाप (यदि कम्पनी भए)..........

अनुसूची-४

**वातावरणमैत्री स्थानीय उद्यम** व्यवसाय सञ्चालन गर्नका लागि दिईने अनुपति-पत्रको ढाँचा

(दफा ४ को उपदफा (६) बमोजिम)

## आठविसकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम) ।

मितिः ......................

आठविसकोट नगरपालिका रुकुम पश्चिम

श्री ............................

.....................।

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन अनुमति ।

महासय,

उपर्युक्त विषयमा तपाईले\तपाईको कम्पनीले मिति ........................ मा यस ........... कार्यपालिकाको कार्यालयमा पेश गरेको वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनका लागि अनुमति पाउँ भन्ने विषयको निबेदन र सो साथ संलग्न कागजात अनुसार उक्त ................ उद्यम व्यवसाय सञ्चालन गर्नका लागि अनुमति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

तपाईले\तपाईको कम्पनीले सञ्चालन गर्ने ...................... उद्यम व्यवसाय वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१ र प्रचलित कानूनको प्रावधान बमोजिम सञ्चालन गर्नुहुन अनुरोध छ ।

(....................................)

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

अनुसूची-५

**वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय नबीकरण गर्नका लागि दिनुपर्ने निबेदनको ढाँचा**

(दपा ५ को उपदफा (१) बमोजिम)

मितिः......................

श्री......... कार्यपालिकाको कार्यालय,

................... ।

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनको नबीकरण गरिपाउँ ।

महोदय,

उपर्युक्त विषयमा ........ जिल्ला ........ पालिका वडा नं. .... स्थित ......... गाउँ\टोल\बजार मा ............................... उद्यम व्यवसाय सञ्चालन गर्दै आएकोछु । उक्त उद्यम व्यवसाय सञ्चालनको नबीकरण गर्नका लागि यस ....... पालिकामा उक्त उद्यम व्यवसायसँग सम्बन्धित सम्बद्ध कागजातहरूको प्रतिलिपी यसैसाथ संलग्न राखी यो निबेदन पेश गरेको छु ।

<u>**संलग्न कागजातहरूः**</u>

१- ............... कार्यालयमा उद्यम व्यवसाय गर्ने अनुमति-पत्र

२- ............... उद्यम व्यवसायको स्थायी लेखा नम्बर

३- .............. उद्यम व्यवसायको मुल्य अभिबृद्धिकर दर्तानम्बर

४- ................ उद्यम व्यवसाय सञ्चालकको नागरिकता प्रमाण-पत्र

५- ................ उद्यम व्यवसाय सञ्चालनका लागि कम्पनी दर्ता प्रमाण-पत्र (यदि कम्पनी भएमा)

६- .............. उद्यम व्यवसाय सञ्चालन गर्ने जमीनको स्वामित्व वा करारनामा (यदि भाडामा भए)

७- ............. उद्यम व्यवसाय सञ्चालनका लागि कर, शुल्क र दशतुर बुझाएको नगदी रसिद

माथि लेखिएको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहँला, बुझाउँला ।

(दस्तखत)

नामः.............................

ठेगानाः.........................

पद र कार्यालयको छाप (यदि कम्पनी भए).............

आठविसकोट नगरपालिका रुकुम पश्चिम

अनुसूची-६

## स्थानीय उद्यम व्यवसायबाट उत्पादित\बिक्रि वितरण गरिएका सामग्रिको अभिलेखको ढाँचा

(दपा ११ को उपदफा (१) बमोजिम)

**................. उद्यम व्यवसाय**

...........

**उद्यम व्यवसायबाट उत्पादित\बिक्रि वितरण गरिएका सामग्रिको अभिलेख**

| क्र सं | मिति | उत्पादित सामग्रीको प्रकृति | उत्पादन इकाई | बिक्रि बितरण भएको इकाई | मौज्दात इकाई |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेः रूजु गर्नेः प्रमाणित गर्ने उद्यमी व्यवसायीः

आठविसकोट नगरपालिका रुकुम पश्चिम

अनुसूची-७

**वातावरणमैत्री स्थानीय उद्यम व्यवसायीले .... पालिकामा पेश गर्नुपर्ने प्रतिबेदनको ढाँचा**

(दपा २५ को उपदफा (१) बमोजिम)

मितिः.....................

श्री......... कार्यपालिकाको कार्यालय,

.................. ।

विषयः वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालनको प्रतिवेदन ।

महोदय,

उपर्युक्त विषयमा ........ जिल्ला ........ पालिका वडा नं. .... स्थित ......... गाउँ\टोल\बजार मा .............................. उद्यम व्यवसाय सञ्चालन गर्दै आएकोमा ......... अवधिको उद्यम व्यवसाय सञ्चालनको विवरण देहाय बमोजिम प्रकरणनमा खुलाई पेश गरेको छु ।

१- उद्यम व्यवसाय सञ्चालनका लागि जडित मेशिन, औजार र उपकरणको विवरणः
२- उद्यम व्यवसाय सञ्चालनका लागि सँकलित कच्चा पदार्थको विवरण
३- उद्यमबाट उत्पादित निर्माण\अन्य सामग्रीको विवरण
४- उद्यमबाट सिर्जित फोहरमैला व्यवस्थापनको स्थिति
५- उद्यम स्थलमा सँकलित काम नलाग्ने वा पत्रु सामग्रीको व्यवस्थापन
६- स्थानीय समुदायले पाएको रोजगारी र सहुलियतको विवरण
७- उद्यमबाट उत्पादित सामग्री र त्यसमध्ये बिक्रिबितरण गरिएको र मौज्दात सामग्रीको विवरण
८- कर, राजस्व, शुल्क र दश्तुर बूझाएको विवरण
९- अन्य विवरण

भवदीय,

(..............................)

नामः

उद्यम व्यवसायको नाम र छाप

आठबिसकोट नगरपालिका राजपत्र